प्रस्ताव प्रमाणित

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

मिति २०८३/०१/२४ गतेको ६८औं नगर कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरू:

तपसिल:

| सि. नं. | विषय | निर्णय हुनुपर्ने व्यहोरा | प्रस्तावक | कै. |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा। | अघिल्लो बैठकबाट भएको निर्णय कार्यान्वयनको समिक्षा गर्ने। | प्र.प्र.अ. | |
| २. | आन्तरिक रोजगारी सिर्जना कार्यक्रम सम्वन्धमा । | चालु आ.व. २०८/०८३ मा संघीय सरकारको शशर्त र नगरपालिकाको साझेदारीमा अल्पकालिन रोजगारी सिर्जनाका लागि योजना सञ्चालन गर्न निर्णय गर्नुपर्ने। | रोजगार सेवा केन्द्र | |
| ३. | छोरी सम्मेलन २०८३ का लागि आर्थिक सहयोग सम्वन्धमा । | श्री ज्योति फाउन्डेसन सुर्खेत द्वारा आयोजना गर्न लागिएको छोरी सम्मेलन-२०८३ का लागि आर्थिक सहयोग उपलब्ध गराउन निर्णय गर्नु पर्ने । | प्र.प्र.अ. | |
| ४. | अपाङ्ग खेलकुद कार्यक्रमका लागि आर्थिक सहयोग सम्वन्धमा । | पारा फाउण्डेशन सुर्खेत द्वारा आयोजना गर्न लागि अपाङ्ग खेलकुद कार्यक्रमका लागि आर्थिक सहयोग उपलब्ध गराउन निर्णय गर्नु पर्ने । | प्र.प्र.अ. | |
| ५. | सार्वजनिक सुनुवाइको प्रतिवेदन स्वीकृत गर्ने सम्वन्धमा । | यस नगरपालिकाको मिति २०८२/१२/२७ गते भएको दोस्रो चौमासिक सार्वजनिक सुनुवाइको प्रतिवेदन स्वीकृत गर्नु पर्ने । | प्र.प्र.अ. | |
| ६. | कार्यविधि छलफल गरी स्वीकृत गर्ने सम्वन्धमा । | लेकवेशी नगरपालिकाको नगर खेलकुद सञ्चालन सम्वन्धी कार्यविधि, २०८३ माथि छलफल गरी स्वीकृत गर्नु पर्ने । | शिक्षा, युवा खेलकुद तथा सामाजिक विकास शाखा | |
| ७. | सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण सम्वन्धमा। | नेपाल सरकार गृह मन्त्रालयक र जिल्ला प्रशासन कार्यालय, सुर्खेतको पत्रानुसार सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण सम्वन्धमा परिपत्रमा उल्लेख भए बमोजिमको कार्य गर्न छलफल गरी निर्णय गर्नुपर्ने । | प्र.प्र.अ. | |
| ८. | स्वास्थ्य विमा कार्यविधि सम्वन्धमा । | लेकवेशी नगरपालिकाको स्वास्थ्य विमा सम्वन्धी कार्यविधि, २०८३ माथि छलफल गरी स्वीकृत गर्नुपर्ने । | स्वास्थ्य शाखा | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव प्रमाणित

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ९. | आर्थिक सहायता गर्ने सम्बन्धमा । | लेकवेशी नगरपालिका वडा नं. ७ को वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी श्री तिलक कुमार सुनारको ब्रेन ट्युमर भई नियमित उपचार गराउन पर्ने र निजको पारिवारिक आर्थिक स्रोत पनि कमजोर भएकोले यस कार्यालयको तर्फबाट निजको उपचारको लागि आर्थिक सहयोगका लागि निर्णय गर्नुपर्ने । | प्र.प्र.अ. | |
| १०. | आर्थिक सहायता गर्ने सम्बन्धमा । | नगर कार्यपालिका सदस्य श्री लीलमति बि.क. को बुवा रुखबाट लडी नियमित उपचार गराउन पर्ने र निजको पारिवारिक आर्थिक स्रोत पनि कमजोर भएकोले यस कार्यालयको तर्फबाट निजको उपचारको लागि आर्थिक सहयोगका लागि निर्णय गर्नुपर्ने । | प्र.प्र.अ. | |
| ११. | बजेट रकमान्तर सम्बन्धमा । | लेकवेशी नगरपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रमको खर्च शि.नं. ३११५६ मा विनियोजन भएको हेल्भाटास नेपाल र लेकवेशी नगरपालिकाको लागत साझेदारीमा पालिकाको हिस्सा योजनाको लागि रु. ८१ लाख ४० हजार रकमलाई रकमान्तरका लागि निर्णय गर्नुपर्ने । | प्र.प्र.अ. | |
| १२. | शिक्षक पदस्थापना सम्वन्धमा । | यस नगरपालिका वडा नं १ स्थित श्री आदर्श माध्यमिक विद्यालय लेखफर्सामा रिक्त प्राथमिक तहको दरवन्दीमा यसै नगरपालिका वडा नं २ स्थित सरस्वती नमूना आवि फुलवारिमा कार्यरत प्राथमिक तहका स्थायी शिक्षक श्री सुकमाया चोल्पाली र यस नगरपालिका वडा नं २ स्थित श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय लेखगाउँमा प्राथमिक तहमा कार्यरत स्थायी शिक्षक श्री सुरेन्द्र कुमार आचार्यलाई श्री सरस्वती नमूना आधारभुत विद्यालय फुलवारिमा पदस्थापना गर्नुपर्ने । | शिक्षा, युवा खेलकुद तथा सामाजिक विकास शाखा | |
| १३. | नदीजन्य पदार्थको व्यवस्थापन गर्ने सम्वन्धमा । | नगरपालिका क्षेत्रभित्रका नदी, खोलाबाट ढुङ्गा, गिट्टी, वालुवा लगायत नदीजन्य पदार्थको अवैध उत्खनन्, संकलन, ओसारपसार तथा बिक्री वितरण कार्यको नियन्त्रण गरी वातावरण संरक्षण, प्राकृतिक स्रोतको दिगो उपयोग तथा राजस्व व्यवस्थापनलाई प्रभावकारी बनाउन निर्णय गर्नुपर्ने । | प्र.प्र.अ. | |
| १४. | जिल्ला स्तरीय रनिङ्ग शिल्ड प्रतियोगिता सम्वन्धमा । | वीरेन्द्रनगर नगरपालिकाको आयोजना र अन्य पालिकाको सहआयोजनामा वीरेन्द्रनगर नगरपालिका सुर्खेतमा संचालन हुने १७औं जिल्ला स्तरीय रनिङ्ग शिल्ड प्रतियोगिताको लागि निर्णय गर्नुपर्ने । | शिक्षा, युवा खेलकुद तथा सामाजिक विकास शाखा | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

## मिति २०८३/०१/२४ गतेको नगर कार्यपालिका बैंठकबाट भएका निर्णयहरू:

**निर्णय नं. १**

नगर कार्यपालिकाको अघिल्लो बैठकबाट भएका निर्णयहरू माथि आजको बैठकमा व्यापक छलफल तथा समिक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न लेकवेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

संघिय सरकारबाट सर्शत रकम रु. ४,७२,०००/- (चार लाख बहत्तर हजार रूपैयाँ मात्र) र स्थानीय तहले शत प्रतिशत व्यहोर्ने गरी आन्तरिक रोजगारी सिर्जना अन्तरगत प्राप्त बजेट र नगरपालिकाको उक्त कार्यक्रम अन्तर्गत विनियोजित बजेट रु.४,७२,०००/- (चार लाख बहत्तर हजार रूपैयाँ) गरि जम्मा रकम रु ९,४४,०००/- (नौ लाख चवालिस हजार रूपैयाँ मात्र) अल्पकालीन रोजगारी सिर्जनाका लागि लेकवेशी नगरपालिका वडा नं. ९ को रातटाँडी मनोज रामजालीको घर देखि पूर्व तर्फको पक्की सिचाई नाली विस्तार योजनामा विनियोजना गरि मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम संचालन कार्यविधि, २०८२ अनुसार संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

श्री ज्योति फाउन्डेसन सुर्खेत द्वारा आयोजना गर्न लागिएको छोरी सम्मेलन-२०८३ का लागि यस कार्यालयको तर्फबाट रु. ३०,०००/- (अक्षेरुपी तिस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउन निर्णय गरियो ।

**निर्णय नं. ४**

पारा फाउण्डेशन सुर्खेत द्वारा आयोजना गर्न लागि अपाङ्ग खेलकुद कार्यक्रमका लागि यस कार्यालयको तर्फबाट रु. २०,०००/- (अक्षेरुपी वीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउन निर्णय गरियो ।

**निर्णय नं. ५**

यस लेकवेशी नगरपालिकाको मिति २०८२/१२/२७ गते भएको दोस्रो चौमासिक सार्वजनिक सुनुवाइको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

लेकवेशी नगरपालिकाको नगर खेलकुद सञ्चालन सम्बन्धी कार्यविधि, २०८३ माथि छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो।

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय प्रमाणित
महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ७

नेपाल सरकार गृह मन्त्रालयक र जिल्ला प्रशासन कार्यालय, सुर्खेतको पत्रानुसार सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण सम्बन्धमा परिपत्रमा उल्लेख भए बमोजिमको कार्य गर्ने सम्बन्धमा व्यापक रुपमा छलफल गरि उक्त निर्णय कार्यान्वय गर्ने सम्बन्धमा हाल लेकवेशी नगरपालिका वडा नं. १० को झुप्रा खोलाको पुल नजिक र वडा नं. ७ लवना क्षेत्रमा मदन भण्डारी राजमार्गको सडक क्षेत्राधिकार भित्र बनेका अनधिकृत घर टहराका साथै लेकवेशी नगरपालिका वडा नं. ५ को नेटा बजार क्षेत्रमा सार्वजनिक सडक क्षेत्राधिकार भित्र बनेका घर टहरालाई तत्काल प्रहरीको सहयोग लिई हटाउने निर्णय गरियो ।

निर्णय नं. ८

लेकवेशी नगरपालिकाको स्वास्थ्य बिमा सम्बन्धी कार्यविधि, २०८३ माथि छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

लेकवेशी नगरपालिका वडा नं. ७ को वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी श्री तिलक कुमार सुनारको ब्रेन ट्युमर भई नियमित उपचार गराउन पर्ने र निजको पारिवारिक आर्थिक स्रोत पनि कमजोर भएकोले यस कार्यालयको तर्फबाट निजको उपचारको लागि रु. २५,०००/- (अक्षेरुपी पच्चीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउन निर्णय गरियो ।

निर्णय नं. १०

नगर कार्यपालिका सदस्य श्री लीलमति बि.क.को बुवा रुखबाट लडी नियमित उपचार गराउन पर्ने र निजको पारिवारिक आर्थिक स्रोत पनि कमजोर भएकोले यस कार्यालयको तर्फबाट निजको उपचारको लागि रु. २५,०००/- (अक्षेरुपी पच्चीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउन निर्णय गरियो ।

निर्णय नं. ११

लेकवेशी नगरपालिकाको आ.ब. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रमको बजेट खर्च शि.नं. ३११५६ मा विनियोजन भएको हेल्भेटास नेपाल र लेकवेशी नगरपालिकाको लागत साझेदारीमा पालिकाको हिस्सा योजनाको लागि रु. ८१ लाख ४० हजार रकममा उक्त आयोजनाको लागि रू. ५९ लाख खर्च हुने र बाँकी रकम रु. २१ लाख ४० हजार हेल्भेटास नेपालको सहकार्यको कार्यक्रम हेल्लो धारा परियोजना अन्तर्गत विभिन्न आयोजनाहरुको मर्मत सम्भारमा खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

यस नगरपालिका अन्तर्गतको देहायको विद्यालयहरूमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिको सहमति निर्णय, विद्यालयको काज व्यवस्थापनको सहमति अनुमति र लेकवेशी नगरपालिकाको नगर प्रमुख स्तरीय बैठकको मिति

निर्णय प्रमाणित
महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय प्रमाणित

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

२०८२।१०।०४ गतेको निर्णय बमोजिम काज खटिई कामकाज गर्दै आउनु भएका देहायका शिक्षकहरुको रिक्त दरबन्दीमा पदस्थापनाको लागि दुवै विद्यालय व्यवस्थापन समितिको निर्णय एवम् विद्यालयको सिफारिस पत्र बमोजिम पदस्थापना गर्ने निर्णय गरियो ।

तपसिल

| क स | शिक्षकको नाम थर | तह \ श्रेणी | दरवन्दी रहेको विद्यालय | काजमा खटिएको विद्यालय | पदस्थापना गरिएको विद्यालय |
|---|---|---|---|---|---|
| १ | सुकमाया चोल्पाली (शि.सं.नं. १९३८६०) | प्राथमिक\तृतीय | सरस्वती नमूना आधारभुत विद्यालय फुलबारी लेकवेशी-२ | आदर्श माध्यमिक विद्यालय लेखफर्सा लेकवेशी-१ सुर्खेत | आदर्श माध्यमिक विद्यालय लेखफर्सा लेकवेशी-१ सुर्खेत |
| २ | सुरेन्द्र कुमार आचार्य (शि.सं.नं.१९३८६५) | प्राथमिक\तृतीय | नेपाल राष्ट्रिय प्राथमिक विद्यालय लेखगाउँ लेकवेशी-२ सुर्खेत । | सरस्वती नमूना आधारभुत विद्यालय फुलवारी लेकवेशी-२ सुर्खेत । | सरस्वती नमूना आधारभुत विद्यालय फुलवारी लेकवेशी-२ सुर्खेत । |

निर्णय नं. १३

यस नगरपालिका क्षेत्रभित्रका नदी, खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा लगायत नदीजन्य पदार्थको अवैध उत्खनन्, संकलन, ओसारपसार तथा बिक्री वितरण कार्यको नियन्त्रण गरी वातावरण संरक्षण, प्राकृतिक स्रोतको दिगो उपयोग तथा राजस्व व्यवस्थापनलाई प्रभावकारी वनाउन प्रचलित कानुन, मापदण्ड तथा वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम मात्र उत्खनन् कार्य संचालन गर्ने, स्वीकृती विना हुने सम्पूर्ण गतिविधि नियन्त्रण तथा कारवाही गर्ने, नियमित अनुगमन गर्ने र सोको प्रतिवेदन समेत पेश गर्ने गरी कार्यदल गठन गर्ने समेतको जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

वीरेन्द्रनगर नगरपालिकाको आयोजना र अन्य पालिकाको सहआयोजनामा मिति २०८३/०१/२८ गते देखि ऐ. ३० गते सम्म वीरेन्द्रनगर नगरपालिका सुर्खेतमा संचालन हुने १७औं जिल्ला स्तरीय रनिङ्ग शिल्ड प्रतियोगितामा यस नगरपालिकाबाट विभिन्न खेलमा करिब १०० जना विद्यार्थी लिई पालिकको नेतृत्वमा जानुपर्ने भएको हुँदा उक्त खेलमा सहभागिताको लागि लाग्ने दर्ता शुल्क रु. १ लाख र खेलकुद प्रतियोगितामा विद्यार्थीहरुको आतेजाते, खाना लगायत अन्य व्यवस्थापकीय खर्च रु. ३ लाख गरी जम्मा रु. ४ लाख बजेट विनियोजन गरी खर्च गर्ने निर्णय गरियो ।

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत